: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

भीमफेदी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर
वागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं:                                                        मिति :२०८२/०९/१४

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१४**

## यातायात र निर्माण क्षेत्रका श्रमिकहरुलाई अनौपचारिक क्षेत्रबाट सामाजिक सुरक्षा योजनामा सहभागि हुन आवेदन दिने सम्बन्धी सुचना ।

प्रस्तुत विषयमा यस भीमफेदी गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने अनौपचारिक क्षेत्रमा कार्यरत ५२ जना यातायात र निर्माण, क्षेत्रका श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम सञ्चालन हुन गईरहेको हुदाँ योजनामा सहभागि हुन ईच्छुक व्यक्तिले सम्वन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दर्ता गर्न हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका निवेदन योजनामा छनौटको लागि अमान्य हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

१. सम्पर्क नम्बर सहितको हस्तलिखित निवेदन,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. पासपोर्ट साईजको फोटो- २ प्रति,
४. सम्बन्धित वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिसपत्र,
५. मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणा पत्र,
६. चेकको प्रतिलिपि,
७. अनौपचारिक क्षेत्रमा कार्यरत छु भन्ने स्वघोषणा पत्र ।

२०८२/०९/१४
..............................
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

☎: ०५७-४१००६६
: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं:   मिति :२०८२/०९/१४

<u>योजनामा सहभागि हुन पुरा गर्नुपर्ने आवश्यक मापदण्डहरु</u>

क) वडाबाट प्राप्त निवेदन पालिकाको छनौट समितिले आवश्यक रुजु गरी सूचिकृत श्रमिकको अन्तिम नामावलि प्रकाशन गरिनेछ।

ख) अन्तिम नामावलिमा सूचिकृत श्रमिक यस चालु आर्थिक वर्ष २०८२/०८३ का लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको योगदानकर्ता सूचिमा सूचिकृत रहनेछन् ।

ग) यस योजनामा सहभागी हुन प्रत्येक श्रमिकले अनिवार्य बैंक खाता खोलेको हुनुपर्नेछ ।

घ) यस योजनामा सहभागी भए पश्चात योगदानकर्ताले अनिवार्य मासिक रुपमा सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्नेछ।

ङ) अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट नेपाल सरकारले तोकेको न्युनतम आधारभुत पारिश्रमिक (रु.१२१७०/-) को ११% रकम रु. १३३८.७०/- र गाउँपालिकाको तर्फबाट ९.३७% रकम रु ११४०.३३/- थप गरी कुल २०.३७% (रु. २४७९.०३/-) मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

च) अनौपचारिक क्षेत्रका सूचिकृत श्रमिकको खातामा जम्मा भएको रकमको विवरणको आधारमा गाउँपालिकावाट नेपाल सरकारको औद्योगिक क्षेत्रका लागि तोकेको न्युनतम आधारभूत पारिश्रमिकको ९.३७% (रु.११४०.३२/-) वरावरको रकम थप गरी सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

छ) एक घर परिवारको एक जनाले मात्रै आवेदन दिन पाउने छ।

२०८२/०९/१४

............
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner